# कथा: फेसबूक  युग (प्रकाश पौड्याल)

फेसबूकको पनि धेरै युग बितेछ। एउटा युग थियो आफ्नै बिहेमा नबोलाउनेले क्यान्डी क्रसको निम्तो पठॉउथ्यो - वाक्क लाग्थ्यो। अर्को युग आयो - साई बाबाको। यु ट्यूबले साई बाबाको चतुर्याई देखाउन थालेपछी बल्ल कम भयो।

अर्को युग आयो देउताको अनुहारलाई लाईक गरेन भने दशा लाग्ने। मानौ देउता हरुको केही काम छैन - सिबाय कस्ले लाईक गर्यो गरेन रेकर्ड राखेर बरदान वा दन्ढ सजॉय दिने।

त्यसपछी आयो "म जस्तो अपायजलाई कस्ले लाईक गर्ला र?" मैले के तिमी अपायज भयौ आहा कति राम्रो, एउटा गोडा छैन तिम्रो, कती राम्री देखीएकी भन्नलाई लाईक गर्ने ?

सोचे सबै भन्दा राम्रो उपाय यस्तो वाईयात पोस्ट गर्ने लाई नै अनफ्रेनड वा अनफलो गर्ने। कतिलाई अनफ्रेन्ड गरे कतीलाई अनफलो। तर आफ्नै नजीकका नातेदार, साथीभाई र जिग्री हरुलाई कसरी अनफ्रेन्ड गर्ने। सोचेको मात्र के थिँए नया युग थपिएछ।

"मलाई शय बर्स पुगेकोमा एक करोड लाईक"। अब त लाईक गर्न पनी डर लाग्यो। कतै मेरै लाईकले एक करोड पुगेर हर्सले बुडा पुर्लुक्क भए भने झन् पाप पो लाग्ने होकी?

खैके खैके! हरिसरणम् ।